**AMNESTY INTERNATIONAL** NEPAL
Amnesty Marga, Basantanagar
P.O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 (1) 4364706 Fax: +977 (1) 4354987
E: info@amnestynepal.org W www.amnestynepal.org

# प्रेस वक्तव्य

## नेपालः जबर्जस्ती श्रमकालागि गरिने नेपाली श्रमिकको बेचबिखनका वारेमा आइएलओको चासो नेपाल सरकारलाई जनाउघण्टी

*१२ चैत २०६९ (२५ मार्च २०१३)*

जबर्जस्ती श्रममा लगाउन गरिएको नेपाली श्रमिकहरुको बेचबिखनमा सरकारी अधिकारीहरुको संलग्नता रहेको कुरा अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा तयार पारिएको नयाँ रिपोर्टमा उल्लेख गरिएको सन्दर्भमा आप्रवासी श्रमिकमाथि भैरहेको व्यापक शोषणको सामना गर्नकालागि राजनीतिज्ञहरु तत्काल लाग्नुपर्ने आवश्यकता रहेको एम्नेस्टी इन्टरनेसनलले जनाएको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको "कमिटी अफ एक्सपर्ट" ले यसै महिनाको सुरुमा प्रकाशित गरेको रिपोर्टमा एम्नेस्टी इन्टरनेसनलद्वारा सन् २०११ मा प्रकाशित रिपोर्ट "झूटा बाचाहरु" मा उल्लेख गरिएका तथ्यहरुलाई पुनर्पुष्टि गर्दै दोषीहरुमाथि कानुनी कारवाही चलाउन आह्वान गरिएको छ ।

"आप्रवासी श्रमिकहरुले सामना गरिरहेका भ्रष्टाचार र शोषणका समस्या सरकारका तर्फबाट अन्त्य गर्न ढीला भइसकेको छ । यो लज्जाजनक अवस्था अझै छ किनभने यस्ता घटनामा जो दोषी देखिएका छन् उनीहरुलाई उपयुक्त ढंगले अनुसन्धान, अभियोजन र सजाय दिने कार्य हुन यथेष्ट सकेको छैन", एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक रामेश्वर नेपालले भन्नुभएको छ ।

सरकारी अधिकारीहरु भ्रष्टाचारमा संलग्न हुने गरेको विषयलाई एक्सपर्ट कमिटिद्वारा जबर्जस्ती श्रम सम्बन्धी आइएलओ महासन्धिको पुनरवलोकनको प्रक्रियामा प्रमुख मुद्दाका रुपमा उठान गरिएको छ ।

सीता राईको घटनाका बारेमा अदालतमा मुद्दा चलिरहेकै बेलामा यो प्रतिवेदन आएको हो । श्रम शोषणकोलागि साउदी अरेबिया लगिएको र त्यहाँबाट फर्केर आउँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमनका कर्मचारीहरुद्वारा लुटिइएकी सीता राईको घटनाले जबर्जस्ती लगिएका श्रमिकहरुमाथिको दुर्व्यवहार मात्रै प्रष्ट गर्दैन कि सरकारले आफ्ना कर्मचारी माझ व्यवस्थित ढंगले भइरहेको भ्रष्टाचारलाई संबोधन गर्न तत्काल कदम चाल्नुपर्ने आवश्यकतालाई पनि प्रष्ट गर्दछ ।

नेपाली आप्रवासी श्रमिकको जबर्जस्ती श्रमका लागि गरिने मानव वेचविखनमा वैदेशिक रोजगार कम्पनी र एजेन्टहरु कसरी संलग्न रहन्छन् भन्ने आइएलओको रिपोर्टमा उल्लेखित तथ्यलाई पनि सीता राईको घटनाले पुष्टि गर्दछ । सरकारी अधिकारी र वैदेशिक रोजगार कम्पनीको सम्बन्धका कारण वैदेशिक रोजगार ऐनको कार्यान्वयनमा उल्लेख्य कठिनाई देखिएको एम्नेस्टी इन्टरनेसनलले पटक पटक जनाउँदै आएको छ ।

ती मानिसहरु जो नेपालबाट बाहिर गएर काम गर्न चाहन्छन् उनीहरुले सफल र सुरक्षित आप्रवासनकालागि बाधाहरु व्यहोर्नु परिरहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा खासगरी महिलाहरुसँग घूस असुली गरिनु नेपालबाट जाने श्रमिकहरुले कसरी भ्रष्टाचारको सामना गर्नुपरिरहेको छ भन्ने एउटा उदाहरण मात्र हो । एम्नेस्टी इन्टरनेसनलले महिला आप्रवासी श्रमिकहरुलाई विशेष संरक्षण दिन र समान व्यवहार गर्न पटक पटक आग्रह गर्दै आएको छ । महिलाहरु खसगरी सरकारी व्यवधान र "प्रतिवन्ध" का कारण अनौपचारिक मार्ग हुँदै वैदेशिक रोजगारीमा जान बाध्य छन् र त्यसले गर्दा उनीहरु माथि हुने जोखिम अझ बढेको छ ।

दोषीहरुमाथि उपयुक्त अनुसन्धान, अभियोजन र दण्डीत गर्ने कार्यमा सरकार निरन्तर रुपमा असफल भएकोले नै यो लज्जाजनक अवस्थाले निरन्तरता पाएको हो । वैदेशिक रोजगार विभागका तर्फबाट स्वागतयोग्य तवरले केही प्रगतिशील सुधार गरिएको भएतापनि जुन मात्रामा आप्रवासी श्रमिकहरुको बेचविखनमा संलग्न वैदेशिक रोजगार कम्पनीमाथि अभियोजन हुनु पर्थ्यो त्यत्तिकै मात्रामा सो भएको पाइँदैन ।

"आप्रवासनको समश्या निकै महत्वपूर्ण भएकोले त्यसलाई बेवास्ता गर्नु हुन्न भन्ने कुरा अब नेपालका राजनीतिक दलका नेताहरुले बुझ्नुपर्ने बेला भएको छ र आप्रवासी श्रमिकको संरक्षणको कार्य स्वदेशबाट नै सुरु हुन्छ भन्ने कुरा पनि बुझ्नु पर्दछ । यसकालागि व्यवहारिक र निश्चित नीति मात्रै होइन कि तिनलाई कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्तिको जरुरत पर्दछ", एम्नेस्टीनेसनल नेपालका निर्देशक नेपालले भन्नुभएको छ ।

राजनीतिक अस्थिरताले अझै निरन्तरता पाउने अवस्था विद्यमान छ । यस्तो अवस्थामा विगतमा भएका उपलब्धीलाई सरकार वा मन्त्री फेरिने वित्तिकै त्यत्तिकै अलपत्र छोड्न नदिन सुरक्षित आप्रवासनको मूल एजेण्डामा राजनीतिक सहमतिको सुनिश्चितता हुनुपर्दछ ।

आगामी आमनिर्वाचनकालागि तयार गरिने घोषणापत्रमा सुरक्षित आप्रवासन सम्बन्धी नीति समावेश गर्न नेपालका राजनीतिक दलहरुसँग एम्नेस्टी इन्टरनेसनल अह्वान गर्दछ । घोषणापत्रमा दलहरुले वैदेशिक रोजगारीमा जाने नेपालीहरुको सुरक्षाका लागि तयार गरिएका विद्यमान कानुन र नीतिहरुलाई सकारात्मक सहयोग र कार्यान्वयन गर्ने सुनिश्चितता पनि गर्नु पर्दछ ।